# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५४) काठमाडौं, माघ २५ गते २०६१ साल (अतिरिक्ताङ्क ५१

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७को धारा ११५ को उपधारा (७) बमोजिम देहायको आदेश जारी गरिबक्सेको छ ।

१. नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालिन अवस्थालाई प्रतिकुल असर नहुने गरी नेपाल अधिराज्यभित्र आवत जावत गर्न, सम्पत्तिको बेच-बिखन गर्न, बसोबास गर्न पाइने छ । आवश्यक परेमा स्थानीय प्रशासनले सो काम कारबाही गर्न रोक लगाउने वा पूर्व स्वीकृति लिन पर्ने व्यवस्था लागु गर्न सक्नेछ।

२. श्री ५ को सरकारलाई आवश्यक परेको खण्डमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीले मुआब्जा, क्षति-पूर्ति दिई कसैको चलअचल सम्पति निश्चित समयको लागि वा स्थायी रूपमा हक हस्तान्तरण गरी लिन सक्नेछ ।

३. नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता र शान्ति सुरक्षामा खलल नपर्ने तथा वर्तमान संकटकालिन अवस्थालाई प्रतिकुल असर नहुने गरी गोष्ठी, सभा सम्मेलन वा अन्तर्क्रिया कार्यक्रमहरू तोकिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थानमा क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी वा तोकिएको अधिकारीको अनिवार्य रूपले पूर्व स्वीकृति लिएर संचालन गर्न सकिनेछ ।

४. श्री ५ को सरकारले आफ्नो मातहतका कर्मचारीहरूलाई संकटकालिन अवस्थाको अवधिभर काज खटाउन, सरुवा वा पदस्थापना गर्न, कायम मुकायम मुकरर गर्न वा रिक्त पदमा अस्थायी नियुक्ति गर्न सक्नेछ ।

५. श्री ५ को सरकारको सचिवालय, मन्त्रालय वा सो अन्तरगतका विभाग तथा अन्य कार्यालय वा श्री ५ को सरकारको स्वामित्व रहेको संस्थाका कर्मचारीले नेपाल अधिराज्यको सार्वभौमसत्ता अखण्डता वा शान्ति सुरक्षामा आँच आउने वा राजनैतिक रूपले प्रेरित कुनै किसिमको संघ संस्था खोल्न वा खोली सकेका संघ संस्थाबाट यस्ता क्रियाकलाप गर्न पाइने छैन ।

६. देशमा शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षा निकायहरूको मनोवलमा प्रतिकुल असर पर्ने गरी उनीहरूको कामकारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक टिकाटिप्पणी गर्न पाईने छैन ।

७. संकटकालिन अवस्थामा नेपाल अधिराज्यको शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षाकर्मी, सुरक्षा अधिकारी वा तोकिएको अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो, फ्याक्स, टेलिभिजन, इमेल लगायतका विद्युतीय सञ्चारका साधनहरूबाट प्रचार प्रसार गर्न गराउन रोक लगाउने, यस्ता साधन र प्रक्रयामा अनुगमन गर्ने जस्ता कार्यहरू समेत गर्न सक्नेछ ।

८. माथि उल्लेखित कुराहरूका विपरित कार्य गर्ने, आदेशको पालना नगर्ने, असहयोग गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले तुरुन्त नजरबन्दमा राखी कारवाही गर्न गराउन सक्नेछ ।

९. यो आदेशमा लेखिएकोमा यसैबमोजिम र अरूमा प्रचलित कानून बमोजिम हुनेछ ।

हुकुम बक्सेबमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।